प्रदेश सरकार

# मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय

## बागमती प्रदेश

हेटौंडा, नेपाल

प.सं.-३/१/०७७/७८
च.नं.- ९८२

मितिः २०७७/०९/२७

विषयः छात्रवृत्तिमा अध्ययनका लागि मनोनयन गरी पठाउने सम्बन्धमा ।

श्री मन्त्रालय/निर्देशनालय/निकाय (सबै)
बागमती प्रदेश।
श्री स्थानीय तह ( सबै)
बागमती प्रदेश।

सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, सिंहदरबार को प.सं.०७७/७८ च.नं.४५ मिति २०७७/०९/२० गतेको पत्रानुसार Kathmandu University, School of Management बाट सञ्चालन हुने सार्वजनिक नीति तथा व्यवस्थापन विषयमा स्नातकोत्तर अध्ययन गर्न छात्रवृत्ति प्रदान गर्ने कार्यक्रम रहेको हुँदा यस प्रदेश र प्रदेश भित्रका स्थानीय तहमा कार्यरत एवम् अध्ययनका लागि इच्छुक तपसिलका योग्यता पुगेका रा.प तृतीय श्रेणी वा सो सरहका कर्मचारी अध्ययनका लागि सिफारिस गरी मिति २०७७/०९/२९ विहान ११:०० बजे भित्र यस कार्यालयमा वा कार्यालयको इमेलमा पठाई दिनुहुन आदेशानुसार अनुरोध छ ।

२०७७/०९/२७

अशेष खड्का
अधिकृत सातौं

**तपसिलः**

१. अध्ययनका लागि इच्छुक उम्मेद्वारको योग्यता देहाय बमोजिम हुने छ

- रा.प तृतीय श्रेणी वा सो सरहका पलमा कार्यरत रहेको तर, स्थानीय तहको हकमा छैठौं तहका कर्मचारीलाई समेत सिफारिस गर्न सकिने
- सरकारी सेवामा कम्तीमा ३ वर्ष सेवा अवधि पुरा भएको
- कुनै विषयमा स्नातक तह उत्तिर्ण गरेको
- ४५ वर्ष उमेर ननाघेको

**बोधार्थः**

श्री सूचना प्रविधि शाखाः वेबसाईटमा अपलोड गरिदिनुहुन ।

नेपाल सरकार

**सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय**

**सिंहदरबार, काठमाण्डौं**

**(स्थानीय तह क्षमता विकास शाखा)**

प.सं. ०७७/७८

च.न.. ८५

मिति: २०७७ पौष २०

श्री मुख्य मन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
सबै प्रदेश

**विषयः छात्रवृत्तिमा अध्ययनका लागि मनोनयन गरी पठाउने सम्बन्धमा ।**

प्रस्तुत विषयमा संघ, प्रदेश र स्थानीय तहका कर्मचारीको क्षमता विकासका लागि स्थानीय शासन, संघीयता, सार्वजनिक व्यवस्थापन, सार्वजनिक नीति तथा विकास व्यवस्थापनका क्षेत्रमा स्वदेश भित्रै उच्चस्तरीय जनशक्तिको उत्पादन तथा विकास गरी सार्वजनिक क्षेत्रको संस्थागत क्षमता अभिवृद्धि गर्ने उद्देश्यले सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय र काठमाण्डौं विश्वविद्यालय बीच समझदारी भएको छ । सोहि समझदारीका आधारमा आ.व. ०७७/७८ मा प्रदेश तथा स्थानीय शासन सहयोग कार्यक्रम (PLGSP) ले दायित्व व्यहोर्ने गरी प्रदेशमा कार्यरत कर्मचारी मध्ये ७ जना र स्थानीय तहमा कार्यरत कर्मचारी मध्ये ७ जना तथा संघमा कार्यरत कर्मचारी मध्ये १ जना गरी जम्मा १५ जनाका लागि Kathmandu University, School of Management बाट सञ्चालन हुने सर्वजनिक नीति तथा व्यवस्थापन (Public Policy and Management) विषयमा स्नातकोत्तर अध्ययन गर्न छात्रवृत्ति प्रदान गर्ने कार्यक्रम रहेको छ । यसर्थ तहाँ प्रदेश र प्रदेश भित्रका स्थानीय तहमा कार्यरत एवं अध्ययनका लागि इच्छुक तपसिलका योग्यता पुगेका रा.प. तृतीय श्रेणी वा सो सरहका प्रदेश तहका ३ जना र स्थानीय तहका ३ जना गरी ६ जना कर्मचारी अध्ययनका लागि सिफारिस गरी पौष मसान्त सम्म मन्त्रालयको इमेल local.capacity.section@mofaga.gov.np मा पठाई दिनुहुन आदेशानुसार अनुरोध छ ।

भूपेन्द्र पाण्डेय
शाखा अधिकृत

**तपसिल**

१. अध्ययनका लागि इच्छुक उम्मेदवारको योग्यता देहाय बमोजिम हुने छ

- रा.प. तृतीय श्रेणी वा सो सरहका पदमा कार्यरत रहेको तर, स्थानीय तहको हकमा छैठौं तहका कर्मचारीलाई समेत सिफारिस गर्न सकिने
- सरकारी सेवामा कम्तीमा ३ वर्ष सेवा अवधि पूरा भएको
- कुनै विषयमा स्नातक तह उत्तिर्ण गरेको
- ४५ वर्ष उमेर ननाघेको

२. अध्ययनका लागि सिफारिसमा परेका कर्मचारीले Kathmandu University, School of Management को वेवसाइट www.kusom.edu.np बाट भर्ना प्रक्रियाबारे विस्तृत जानकारी प्राप्त गर्न सकिने छ । अन्य जानकारी आवश्यक भएमा मन्त्रालयको फोन नं. ०१ ४२००३३६ मा सम्पर्क राख्न सकिनेछ ।

३. उपरोक्त बमोजिम सिफारिस भएका कर्मचारी मध्ये Kathmandu University, School of Management ले सञ्चालन गर्ने प्रवेश परीक्षाबाट छनौट भएका प्रत्येक प्रदेशबाट, प्रदेश तहका १ जना र स्थानीय तहका १ जना गरी १४ जान कर्मचारीलाई निजामती सेवा ऐन, २०४९ बमोजिम तलबी अध्ययन विदा उपलब्ध गराइने छ ।

**वेधार्थः**

श्री जनशक्ति योजना तथा विकास महाशाखा
श्री सूचना प्रविधि शाखा, सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयः पत्र वेवसाइटमा अपलोड गरी दिनुहुन ।